# नेपाली कानून विद्यार्थी सञ्जाल (NeLSA)

## विधान संशोधन फारम

मिति २०६९/०२/०७ मा गरिएको विशेष साधारण सभाद्वारा पारित भएको संस्थाको पहिलो विधान संसोधन:

| साबिकको विधानमा भएको | [illegible]को विधानमा संशोधन गर्नु पर्ने | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| दफा १३ कार्यसमितिको गठन<br>क.साधारण सभाका सदस्यहरुवाट निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष एक एक जना, तथा वढीमा ३ जना सदस्य गरी वढीमा ७ सदस्यीय एक कार्य समिति गठन गरिने छ ।<br>अध्यक्ष १ जना<br>उपाध्यक्ष १ जना<br>सचिव १ जना<br>कोषाध्यक्ष १ जना<br>सदस्य ३ जना | दफा १३ कार्यसमितिको गठन<br>(क) साधारण सभाका सदस्यहरुवाट निर्वाचित अध्यक्ष, उपाध्यक्ष , महासचिव, सचिव कोषाध्यक्ष एक एक जना तथा वढीमा ८ जना सदस्य ~~मरी वढीमा १३ सदस्य एक~~ कार्य समिति गठन गरिनेछ ।<br>अध्यक्ष १जना<br>उपाध्यक्ष १ जना<br>महासचिव १. जना<br>सचिव १जना<br>कोषध्याक्ष १जना<br>सदस्य ८ जना | जिम्मेवारीको वाँडफाँड, समावेशीकरण र यस संस्थाको उद्देश्य प्राप्तिको निम्ति आवश्यक सहयोग हुनेछ भन्ने हेतुले । |
| १३ ग. कार्यसमितिको पदावधि २ वर्षको हुनेछ । प्रत्येक २ वर्षमा कार्य समितिको चुवान हुनेछ । | दफा १३ ग कार्यसमितिको पदावधि २ वर्षको हुनेछ । प्रत्येक २ वर्षमा कार्यसमितिको चुनाव हुनेछ । | शाब्दिक त्रुटीको कारणले |
| दफा १३(घ) केन्द्रीय कार्यसमितिको वैठक कम्तिमा वर्षको ६ पटक, अध्यक्षको निर्देशनमा सचिवले वोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरुको जिम्मा संख्याको ५१% सदस्यले वैठक वोलाउन माग गरेमा तुरुन्त बैठक वोलाउन अध्यक्षले सचिवलाई निर्देशन दिनु पर्नेछ । | १३(घ) केन्द्रिय कार्यसमितिको बैठक कम्तिमा वर्षको ६ पटक अध्यक्षको निर्देशनमा महासचिवले वोलाउनेछ । तर, कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशत ले बैठक वोलाउन भाग गरेमा तुरुन्त बैठक वोलाउन अध्यक्षले महासचिवलाई निर्देशन दिनु पर्नेछ । | सचिवको स्थानमा महासचिवलाई जिम्मेवारी सुम्पेको कारणले |
| १६. अन्य समितिहरु:<br>क. यस विधानको परिधिभित्र रहेर संस्था कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति, उप समितिहरुको गठन गर्न सक्नेछ । तर यस्तो निर्णय साधारण सभाको वैठकद्धारा अनुमोदन गराउनु पर्नेछ । समिति तथा उप समितिहरुको कार्यहरु कार्य समितिले तोकीदिए बमोजिम हुनेछ । | दफा १६ क कलेज च्यापटर र अन्य समितिहरु:<br>क) यस विधानको उद्देश्य प्राप्तीको लागि हरेक कानुन संकायमा रहेका राष्ट्रिय र अन्तराष्ट्रिय ल कलेजमा यस संस्थाको च्यापटर गठन गरिने छ । ती च्यापटर कम्तीमा ३ सदस्यीय हुनेछन र त्यसको नेतृत्व च्यापटर अध्यक्षले गर्नेछन । हरेक कलेज च्यापटर सम्बन्धित कलेजको स्वीकृती लिई एक कानुन प्राध्यापकलाई सम्वन्धित च्यापटरको सल्लाहकारको रुपमा राखिनेछ । च्यापटरहरुको कार्यसंचालन, जिम्मेवारी तथा अधिकारहरु कार्यसमितिले तोकीदिए बमोजिम हुनेछ । | यस संस्थाको उद्देश्य अनुरुप कानून विद्यार्थीको आपसी सम्बन्ध र सञ्जाल विस्तार गर्नको निम्ति कलेज च्याप्टरको अवधारणा ल्याइएको हो । |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ५ | दफा १६ ख. उप समितिहरुको कार्यहरु कार्य समितिले तोकी दिए बमोजिम हुनेछ । | दफा १६ (ख) यस विधानको परिधिभित्र रहेर संस्था कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति, उप समितिहरुको गठन गर्न सक्नेछ । तर यस्तो निर्णय साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ । समिति तथा उप समितिहरुको कार्यहरु कार्य समितिले तोकीदिए बमोजिम हुनेछ । | कलेज च्याप्टरको अवधारणा थप गरिएकोले |
| ६ | दफा १७(३) सचिव :<br>क. अध्यक्षको निर्देशनमा साधारण सभा तथा कार्यसमितिको बैठक बोलाउने ।<br>ख. अध्यक्षको निर्देशनमा यस संस्थाको दैनिक प्रशासकीय कार्यहरुको रेखदेख नियन्त्रण तथा पत्राचार गर्ने र निर्देशन दिने ।<br>ग. साधारण सभा तथा कार्यसमितिले पारित गरेका निर्णय तथा कार्यक्रमको विस्तृत विवरण सहितको माइन्युट तयार गरि सुरक्षितसाथ राख्ने ।<br>घ. पारित कार्यक्रमलाई कार्यान्वियनका लागि संस्थाका सदस्यहरु मध्ये जसको सकृयतामा कार्य सम्पन्न हुन्छ उसैलाई जिम्मेवारी सुम्पने तथा कार्य प्रगति प्रतिवेदन कार्यसमितिमा उपलब्ध गराउने जिम्मा महासचिवको हुनेछ ।<br>ङ. साधारण सभा तथा कार्यसमितिले पारित गरेका निर्णयहरु कार्यान्वयन गराउने जिम्मा सचिवमा हुनेछ ।<br>च. संस्थाको वार्षिक प्रतिवेदन कार्यसमितिको तर्फवाट अध्यक्षको सहमतिमा साधारण सभामा पेश गर्ने जिम्मा सचिवको हुनेछ । | दफा १७.३ महासचिवको काम, कर्तव्य र अधिकार<br>क) अध्यक्षको निर्देशनमा साधारण सभा तथा कार्य समितिको बैठक बोलाउने ।<br>ख) साधारण सभा तथा कार्यसमितिले पारित गरेका निर्णय तथा कार्यकमको विस्तृत विवरण सहितको माइन्यूट तयार गरो सुरक्षित राखिनेछ ।<br>ग) पारित कार्यकमलाई कार्यान्वयनका लागि संस्थाका सदस्यहरु मध्ये जसको सकृयतामा कार्य सम्पन्न हुन्छ उसैलाई जिम्मेदारी सुम्पने तथा कार्यसमितिको प्रतिवेदन कार्यसमितिमा उपलब्ध गराउने जिम्मा महासचिवको हुनेछ ।<br>घ) साधारण सभा तथा कार्यसमितिले पारित गरेका निर्णयहरु कार्यान्वयन गराउने जिम्मा महासचिवमा हुनेछ ।<br>ङ) संस्थाको वार्षिक प्रतिवेदन कार्यसमितिको तर्फबाट सहमतिमा साधारण सभा पेश पार्ने जिम्मा महासचिवको हुनेछ । | महासचिवको पद थप गरिएकोले र थप जिम्मेवारीहरु सुम्पेकोले |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ७. | दफा १७ (४). कोषाध्यक्ष :<br>क. यस संस्थाको सम्पुर्ण सम्पत्तिहरु, नगद तथा वार्षिक कारोवारको जिम्मा कोषाध्यक्षले लिनुपर्नेछ ।<br>ख. सदस्यता शुल्क तथा अन्य आयस्रोतका रकम उठाउने संवन्धि ताकेता पत्राचार कोषाध्यक्षबाटै हुनेछ ।<br>ग. यस संस्थाको आय-व्ययको हिसावका खाताहरु सहिढंगले सम्दन्धित निकायहरुको निर्णयअनुसार दुरुस्त अभिलेख राख्ने जिम्मेवारी कोषाध्यक्षलाई नै हुनेछ ।<br>घ. वार्षिक आर्थिक प्रतिवेदन लेखापरिक्षणको प्रतिवेदन आगामी वर्षकोलागी समेत कार्यसमितिको तर्फवाट साधारण सभा समक्ष पेस गर्नुपर्नेछ । | दफा १७ (४) सचिवको काम, कर्तव्य र अधिकार<br>क) महासचिवको निर्देशनमा यस संस्थाको दैनिक प्रशासकीय कार्यहरुको रेखदेख , नियन्त्रण तथा पत्राचार गर्ने र निर्देशन दिने ।<br>ख) महासचिवको अनुपस्थितिमा सम्पूर्ण कार्यहरु सचिवले गर्न सक्नेछन् । | महासचिवको पद थप गरिएको कारणले |
| ८. | दफा १७ (५) सदस्यहरुको काम कर्तव्य र अधिकार :<br>क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।<br>ख. संस्थाको कार्य मा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।<br>ग. कार्यसमिति वा अन्य समितिका कार्यहरु प्रति सदस्य पदअनुरुप जिम्मेवरी तथा कर्तव्य निर्वाह गर्नुपर्नेछ । | दफा १७ (५). कोषाध्यक्ष :<br>क. यस संस्थाको सम्पुर्ण सम्पत्तिहरु, नगद तथा वार्षिक कारोवारको जिम्मा कोषाध्यक्षले लिनुपर्नेछ ।<br>ख. सदस्यता शुल्क तथा अन्य आयस्रोतका रकम उठाउने संवन्धि ताकेता पत्राचार कोषाध्यक्षवाटै हुनेछ ।<br>ग. यस संस्थाको आय-व्ययको हिसावका खाताहरु सहिढंगले सम्वन्धित निकायहरुको निर्णयअनुसार दुरुस्त अभिलेख राख्ने जिम्मेवारी कोषाध्यक्षलाई नै हुनेछ ।<br>घ. वार्षिक आर्थिक प्रतिवेदन लेखापरिक्षणको प्रतिवेदन आगामी वर्षकोलागी समेत कार्यसमितिको तर्फवाट साधारण सभा समक्ष पेस गर्नुपर्नेछ । | महासचिवको पद थप गरिएको कारणले |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काठमाडौं

२०७२।२।१७

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ९. | | दफा १७ (६) सदस्यहरुको काम कर्तव्य र अधिकार :<br>क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।<br>ख. संस्थाको कार्य मा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।<br>ग. कार्यसमिति वा अन्य समितिका कार्यहरु प्रति सदस्य पदअनुरुप जिम्मेवरी तथा कर्तव्य निर्वाह गर्नुपर्नेछ । | महासचिवको पद थप गरिएको कारणले |
| १०. | दफा २०.खाता संचालन :<br>आर्थिक श्रोतमा उल्लेख गरिएका श्रोतहरुवाट प्राप्त रकम संस्थाकै नामबाट कोष खडागरी स्थानीय वाणिज्य बैंकमा खाता खोली राखिने छ । खाता संचालन अध्यक्ष वा सचिव र कोषाध्यक्षको अनिवार्य संयुक्त हस्ताक्षरद्धारा हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ । | दफा २० खाता संचालन<br>आर्थिक श्रोतमा उल्लेख गरिएका श्रोतहरुवाट प्राप्त रकम संस्थाकै नामबाट कोष खडागरो स्थानीय वाणिज्य बैंकमा खाता खोली राखिने छ । खाता संचालन अध्यक्ष वा महासचिव र कोषाध्यक्षको अनिवार्य संयुक्त हस्तक्षर हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ । | सचिवको जिम्मेवारी महासचिवलाई सुम्पेको कारणले |
| ११. | दफा २३.(ङ) ङ. कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्षका पदहरु कुनै एक सदस्यले एक पदमा मात्र उम्मेदवारी दिन पाउने छ । | ङ ) कार्यसमितिमा अध्यक्ष , उपाध्यक्ष, महासचिव, सचिव तथा कोषाध्यक्षका पदहरु कुनै एक सदस्यले एक पदमा मात्र उम्मेदवारी दिन पाउने । | महासचिवको पद थप गरिएको कारणले |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| १२. | दफा २४ उम्मेदबार हुनको लगि योग्यता:<br>कार्य समितिको उम्मेदवार हुनको लागि यस संस्थाको सदस्य मात्र कार्य समितिको निर्वाचनमा भाग लिन र उम्मेदवार बन्न सक्ने छ । | दफा २४ उम्मेदबार हुनको लागि योग्यता:<br>कार्य समितिको उम्मेदवार हुनको लागि यस संस्थाको सदस्यता लिइएको १ वर्ष पश्चात मात्र कार्यसमितिको निर्वाचनमा भाग लिन र उम्मेदवार बन्न सक्नेछ । | संस्थामा सक्रिय रुपमा कार्यरत मात्रलाई कार्यभार सुम्पिने उद्देश्यले |
| १३. | अनुसूची-१<br>१. संस्थाको छाप र लोगोको विवरण :<br>क. यस संस्थाको निम्न बमोजिमको छाप हुनेछ । | अनुसूची-१<br>१. संस्थाको छाप र लोगोको विवरण :<br>क. यस संस्थाको निम्न बमोजिमको छाप हुनेछ ।<br>यस लोगोमा तराजु र बीचमा झण्डा राखिएको र त्यसको तल पट्टि NeLSA लेखिएको र स्थापना भएको मिति Estd: 2009 लेखि दुई हातमाथि, धानको बालाको घेरा हाली यस संस्थाको नाम 'Nepalese Law Students' Association' लेखिएको छ । | लोगो स्पष्ट नभएका कारणले गर्दा |

Scanned by CamScanner